| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले    सेवा शुल्कः १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Ishan Overseas Pvt. Ltd.**

श्रम ईजाजत नं. ५३२/२०६१/०६२

Samakhusi , Kathmandu, Nepal, Tel: 01-4380272 / 4380273 Fax : +977-1-5547945, E-mail : maniishannepal@gmail.com


## पूर्वजर्नेललाई...

पृष्ठ १ बाट जारी

व्यक्तिको मिलेमतोमा चेक क्लियरिङको काम गरी प्राप्त रकम भागबण्डा गरिएको दाबी गरिएको थियो ।

यो प्रकरणमा विशेष अदालतले भने बाँकी छ जनालाई सफाइ दिँदै पूर्वजर्नेल विष्ट र टेलर सहायक रेग्मीलाई मात्रै दोषी ठहर गरेको थियो । रकम हिनामिनाको अनुसन्धानका टेलर सहायक रेग्मीले ३३ लाख रूपैयाँ पूर्वजर्नेल विष्टको खातामा हालेको भेटिएको थियो । टेलर सहायक रेग्मीले पूर्वजर्नेल विष्टलाई ‘मामा’ भन्दै आएको खुलेको थियो । तर, उनीहरू मामा-भाञ्जी नभई प्रेमीप्रेमिका भएको खुलेको थियो । सोही आधारमा रेग्मीले हिनामिना गरेको रकममध्ये ३३ लाख रूपैयाँ पूर्वजर्नेल विष्टको खातामा जम्मा गरेको खुलेको थियो ।

चार करोडभन्दा बढी रकम हिनामिना गरेको पाइएपछि सेनाले सहायक रथी विष्टलाई हिरासतमा लिएर अनुसन्धान नै सुरु गरेको थियो । उनीहरू दुवै जना यसअघि पुर्पक्षका लागि कारागार चलान भएका थिए ।

उनीहरूले हिनामिना गरेको रकम गहना किनेर र विदेश घुमेरै सिध्याएको अनुसन्धानबाट खुलेको थियो । दीपिकाको लकरबाट प्रहरीले १७० तोला सुनका गहना बरामद गरेको थियो । त्यसपछि गहना बेच्ने बालाजुका सुन पसल सञ्चालक घतानीलाई समेत प्रहरीले पक्राउ गरेको थियो ।

बहालवाला सैनिक अधिकारीविरुद्ध बैंकिङ कसूर र भ्रष्टाचारमा मुद्दा चलेको यो पहिलो घटना हो । बहालवाला कर्मचारी संलग्न भएका गम्भीर अपराधबाहेक अन्य अपराधमा सैनिक अदालतले नै सजाय तोक्ने प्रावधान छ । तर, सैनिक ऐनमा बैंकिङ कसूर मुद्दाका हकमा प्रस्ट उल्लेख छैन । जस कारण कसले मुद्दा हेर्ने भन्ने अन्योल भएको थियो । तर, छलफलपछि सरकारी वकिल कार्यालयले उच्च अदालतमा फरार प्रतिवादी बनाएर मुद्दा दायर गरेको थियो । त्यसपछि अदालतमा उपस्थित भएका विष्टलाई पुर्पक्षका लागि जेल चलानको आदेश भएको थियो । अख्तियारबाट भ्रष्टाचार मुद्दा चलाइएका विष्ट पहिलो सैनिक अधिकारी हुन् ।


Local Government

## Indrawati Rural Municipality

### Office of Rural Municipal Executive

Nawalpur, Sindhupalchok

Bagmati Province, Nepal

## Invitation for E- Bid

Date of publication: 2079/05/29 (14/09/2022)

*Indrawati Rural Municipality* invites electronic bids from eligible bidders for the construction of works mentioned below under and NCB procedures. Eligible Bidders may obtain further information through PPMO e-GP system www.bolpatra.gov.np/egp or may visit Indrawati Rural Municipality website www.indrawatimun.gov.np.

| S. N. | Project Name | Contract ID | Last Date of Bid Submission | Date of Bid Opening | Bid validity period | Bid Security Amount NRs. | Cost Estiate (Ex Vat & Contengency) NRs. | Bid Document Fee NRs. |
|---|---|---|---|---|---|---|---|---|
| 1. | Upgrading works of different road at ward no 5 (Bahunepati-Suraya-kot-Nawalpur, Dudhekhola-Bagkhor, Bhagkhor-Suryakot) | IRMSI/W/NCB/079/080-13 | 14/09/2022 12:00 hrs. | 14/10/2022 13:00 hrs. | 90 days | 2,00,000.00 | 64,74,920.88 | 3,000.00 |
| 2. | Upgrading works of different road at ward no 3 (Patal Sadak,Tall-agaumod-Ward office) | IRMSI/W/NCB/079/080-14 | | | | 1,20,000.00 | 38,41,024.31 | |
| 3. | Upgrading works of different road at ward no 10 (Sisnekhola-Gaikharka, Rayale -Jholunge) | IRMSI/W/NCB/079/080-15 | | | | 1,00,000.00 | 34,22,991.39 | |

Chief Adminstrative Officer

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# ‘भिआइपी’को नाममा जनतालाई सास्ती किन ?

चारदिने भ्रमणका लागि जनवादी गणतन्त्र चीनका राष्ट्रिय जनकंग्रेसको स्थायी समितिका अध्यक्ष ली चान्सु नेपालमा छन् । सोमबार आइपुगेका उनी बिहीबार मात्र फर्किने छन् । नेपाल भ्रमणका क्रममा उनले सभामुख अग्निप्रसाद सापकोटा, राष्ट्रिय सभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिना, प्रधानमन्त्री शेरबहादुर देउवा, पूर्वप्रधानमन्त्री एवं नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली, पूर्वप्रधानमन्त्री एवं नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल, परराष्ट्रमन्त्री डा. नारायण खड्कालगायतसँग छुट्टाछुट्टै भेट गरिसकेका छन् । उनले बुधबार राष्ट्रपति विद्यादेवी भण्डारीलाई भेट्ने कार्यक्रम छ ।

नेपालमा रहँदा ली नेतृत्वको टोलीको राम्रै स्वागत, सत्कार भएको छ । सभामुख सापकोटाले सोमबार उनीहरूका लागि सोल्टी होटलमा रात्रिभोज नै गरे । आफ्नो कार्यकाल सकिनुको पूर्वसन्ध्यामा सापकोटाले लीलाई नेपाल भ्रमण बोलाएर राम्रै सत्कार गरिरहेका छन् । जाँदाजाँदै छिमेकी देशबाट उच्चस्तरको भ्रमण गराउने उनको रहर पूरा भएको छ । सायद, उनी मनमनै गद्गद् भइरहेका पनि होलान् । भ्रमणका दौरान नेपालको संघीय संसद्सँग केही समझदारी पनि भएका छन् । जसमा बिआरआईलगायत समेटिएको छ । जसमा सापकोटा र लीले हस्ताक्षर गरेका छन् ।

तर, दुःखको कुरा लीको भ्रमणका क्रममा काठमाडौंवासीले फेरि उही नियति भोग्नुपर्‍यो, जुन देश तथा विदेशका अन्य भिआइपीहरूको भ्रमणमा भोग्ने गरेका थिए । लीको भ्रमणका क्रममा उनको स्वागतदेखि भेटघाटका बेला काठमाडौंका सडकलाई सुनसान पारियो । निजी तथा सार्वजनिक सवारीलाई ‘डाइभर्ट’ गरियो । सुरक्षा जाँचमा कडाइ गरिनुसम्मलाई त स्वाभाविकै रूपमा लिन सकिन्थ्यो तर, बाटै बन्द गर्ने कुरा पक्कै पनि स्वाभाविक होइन । जसको अहिले चौतर्फी आलोचना भइरहेको छ । यदि, सरकारले आलोचनालाई मनन् गरेन भने बुधबार र बिहीबार पनि नागरिकले सडकमा फेरि उही दुःख व्यहोर्नुपर्ने निश्चित छ ।

अरू त अरू बिरामी बोकेका एम्बुलेन्स पनि जाममा परेको कहालीलाग्दो दृश्यले सत्ताको हृदय पग्लिन सकेन । सडकमा बजिरहेको एम्बुलेन्सको एकोहोरो पीडायुक्त कर्कश ध्वनीलाई भिआँइपीको सवारीका साइरनले ओझेल पार्ने काम गरियो । एम्बुलेन्सभित्र छटपटाइरहेका बिरामीको क्रन्दनलाई सत्ताले सुन्नै चाहेन ।

के सत्ता यतिविघ्न हृदयविहीन हुन सक्छ ? यतिविघ्न श्रवनशक्ति गुमाउन सक्छ ? एकपटक होइन हरेकपटक यस्ता भ्रमणमा हुने सवारी र सास्तीलाई सत्ताले कहिले मनन् गर्छ ? जनताको पीडामा संवेदनाहीन हुनलाई नै उनीहरू भिआइपी भएका हुन् ? वा, भिआँइपी हुनलाई संवेदनाविहीन हुनैपर्छ ?

हामीलाई हाम्रो सुरक्षा प्रणालीप्रति विश्वास छ । हाम्रा अतिथिलाई हामीबाट कुनै खतरा छैन । जसका लागि पूरा सडक सुनसान बनाउन परोस् । के नेपालीहरू त्यति नामुद अपराधी, हत्यारा भइसके ? जो कुनै विदेशी पाहुनाको सवारीमा सडकमा निस्किनै नमिल्ने ? के हाम्रो देश त्यति कमजोर भइसक्यो ? हाम्रो सुरक्षा प्रणाली त्यति निकम्मा भइसक्यो ? हाम्रो गुप्तचर निकाय यति निरीह भइसक्यो ? नागरिकका मनमा यस्तै आक्रोशको आगो दन्किरहेको छ ।

पाहुना भनेका भगवान हुन् भन्ने नेपाली उक्तिलाई नागरिकले पक्कै मनन् गरेका छन् । चिनियाँ राष्ट्रपतिको नेपाल भ्रमणका बेला हातमा पुष्पगुच्छा लिएर सडकमा उत्रिएका जनताको हार्दिक र प्रेमिल व्यवहारले त्यसलाई पुष्टि गरिसकेको छ । तर, विडम्बना ! पटक–पटक सवारीका नाममा नागरिकको स्वाभिमानमा अभिमानको बुट बजारिन्छ । स्वतन्त्रमाथि डण्डा चलाइन्छ । के कोही पाहुनाको आगमनमा यो देशका निमुखाहरूले अस्पताल पुग्नै नपाई बाटैमा मुर्नपर्ने हो ?

हालै बेलायतमा भएको भिआइपीको सवारी एकदम सामान्य थियो । सडकमा अन्य निजी तथा सार्वजनिक सवारीसाधनहरू गुडिरहेकै थिए । त्यहाँका राजकुमारको सवारी त्यहीँ भइरहेको थियो । सबै सामान्य थियो । भिआइपी सवारीको कुनै नेपाली संस्करण त्यहाँ देखिएको थिएन ।

जबसम्म राज्यलाई आफ्नो सुरक्षा प्रणालीप्रति विश्वास हुँदैन, जबसम्म नागरिकको भरोसा हुँदैन तब यस्ता घिनलाग्दा हर्कत भइरहन्छन् । तर, याद गर्नु जनतामा आक्रोशको राप जम्मा भइरहेको छ । कुन दिन विद्रोहको ज्वालामुखी विष्फोट हुन्छ टुंगो छैन । सत्ता सञ्चालकहरूले त्यसअघि नै आफ्नो बुद्धिको बिर्को खोले राम्रो हुनेछ । अन्यथा नागरिक विद्रोहको भुंग्रोमा नपर्लान् भन्न सकिन्न ।

## मनन्योग्य

### चाणक्य नीति

महामात्य राक्षस तुरुन्तै महानन्दको महलतर्फ जान हिँडे । राजभवनको मुख्य ढोकामा राक्षसको सवारी आएर रोकियो र सवारीबाट महामात्य ओर्लेर शयनकक्ष (सुत्ने कोठा) तिर बढे । उसलाई देख्ने बित्तिकै राजकीय अभिवादनका साथ प्रत्येक प्रहरी तन्केर (पोजिसन लिएर) खडा भए । अंगरक्षक तीखो नजरले हेर्दै अवन्तसँग भयो- ‘ महाराजलाई उठाऊ र भन कि महामात्य तुरुन्त भेट गर्न चाहन्छ ।

महानन्द लडखराउदै विउँझे, आफ्नो सामुन्नेमा राक्षसलाई देखी उनको लड्दाहट भागेर गयो । तिनले अल्छीलाग्दो तर स्नेहयुक्त स्वरमा भने- यत्रो आधारातको समयमा अपर्झट आगमन ! अवश्य नै कुनै गोप्य कुरा होला है ?’ हो महाराज ! सवारी होस् एकछिन् बगैंचामा जाऔं । महलको भव्य उद्यान । ठाउँ-ठाउँमा नानाथरीका फूल फुलेका छन् । राम्रा-राम्रा रूखहरू र लहराले सजाइएका, विनावस्त्रका नारी प्रतिमाहरू तलाउका बीचमा बनाई जिडएका थिए । फोहराले वातावरण ठण्डा पारिरहेका थिए, अधीर महाराज जससँग हिँडिरहेका थिए । उनका मुखमा उत्सुकता र व्याकुलता दुवै देखिन्थे । एउटा बाक्लो लतानिकुञ्जको मुन्तिर एकान्त वन सिंगमरमरको आसनमा राक्षस पनि महाराजसँगै बसे ।

राक्षसले गम्भीर मुद्रा बनाएर भने- ’महाराज ! उता षडयन्त्रका तानाबाना बुनिर हेछन् तर हजुर यता यौवन र मदिरामा लिप्त हुनुहुन्छ । भखरैभर्खरै गुप्तचरबाट सूचना पाइयो कि अमात्य शकटारसँग कुनै बूढो बाह्मण मध्यरातमा भेट्न आउँछ, ‘शकटार उसलाई गोप्य सल्लाह दिन’ आफ्नो गर्भगृहमा लगी, राज्यविरुद्ध गहिरो षड्यन्त्र गरिर हेछन् । हामीले यसलाई रोक्नुपर्छ ।’ महानन्दले विवश तर विश्वासको स्वरमा भने- ‘म त अधिनायक तिम्रै भरोसामा छु मित्र ! मित्र ! तिमीजस्तो सहयोगी जुन राजालाई प्राप्त हुन्छ उसलाई के कहिल्यै संकट आउन सक्ला ?’ **क्रमश :**

# ओझेलमा सुदूरपश्चिमका पर्यटकीय सम्पदा

मोहन पनेरू

पर्यटकीय सम्पदाले भरिपूर्ण भएर पनि सुदूरपश्चिमका जिल्लामा पर्यटकीय चहलपहल बढ्न सकेको छैन । कैलाली, कञ्चनपुर भएर नेपाल आउने पर्यटकको संख्या वृद्धि भए पनि ती पर्यटक भने यस प्रदेशमा भ्रमणमा आउँदैनन् ।

अध्यागमन कार्यालय कैलाली र कञ्चनपुरको तथ्यांक हेर्दा बर्सेनि प्रदेशमा विदेशी पर्यटक दिन प्रतिदिन बढ्दै गइरहको देखिन्छ । भारत हुँदै तेस्रो मुलुक भएर नेपाल आउने पर्यटकको रोजाइमा यहाँका पर्यटकीयस्थल भने पर्न सकेका छैनन् । सुदूरपश्चिम भएर काठमाडौं, पोखरा, रारा, मनाङ, मुस्ताङलगायत अन्य ठाउँमा घुम्न जाने पर्यटकको संख्यामा वृद्धि हुँदै गएको हो । तेस्रो मुलुकबाट आउने पर्यटकको संख्यामा कमी आए पनि भारतीय पर्यटक भने महिनामा करिब तीन/चार सयको हाराहारीमा आउने गरेको अध्यागमन कार्यालयले जनाएको छ । कञ्चनपुरको गड्डाचौकी नाकाबाट पनि तेस्रो मुलुकका पर्यटकको संख्या बढ्न सकेको छैन । तिनीहरूमध्ये अधिकांश पर्यटक भने सुदूरपश्चिमका पर्यटकीयस्थल छोडेर पूर्वका पोखरा, लुम्बिनी र काठमाडौं जाने गरेका छन् ।

पर्यटकीयस्थलको प्रचारप्रसारका लागि उल्लेख्य प्रयास नभएकै कारण विदेशी पर्यटकको रोजाइमा सुदूरपश्चिम पर्न नसकेको यहाँका विज्ञहरू बताउँछन् । प्रदेशमा बाह्य पर्यटकहरू टिकाउन प्रदेश सरकारले पर्यटन प्रवर्द्धनका लागि विशेष कार्यक्रमहरू ल्याउनुपर्ने, प्रदेशका पर्यटकीयस्थलको प्रचारप्रसारका लागि पर्चा, पम्प्लेट र विभिन्न होर्डिङ बोर्डहरू लगाउनुपर्ने उनीहरूको सुझाव छ । बाटोको असुविधा, बसोबासको उचित व्यवस्था नहुँदा र यहाँका पर्यटकीयस्थलको पहिचान नहुँदा कहाँ घुम्ने भन्ने अन्योल हुने गरेको पर्यटकहरू बताउँछन् ।

### यी हुन् सुदूरपश्चिममा पर्यटकीयस्थल

सुदूरपश्चिममा धेरै सुन्दर र मन लोभ्याउने ठाउँ नभएका होइनन् । पहिचान नभएको मात्रै हो । यद्यपि, प्रदेशका पर्यटकीयस्थललाई लक्षित गरेर कार्यक्रम नहुँदा यहाँका पर्यटकीयस्थल जति सबै ओझेलमा परेको स्थानीय बासिन्दा बताउँछन् । उद्योग, पर्यटन वन तथा वातावरणमन्त्री मानबहादुर धामी आफूहरू प्रदेशको विकासका लागि गम्भीर रहेको बताउँछन् । योजना बनाएर प्रदेशका पर्यटकीयस्थलको प्रवर्द्धनमा लाग्ने उनको भनाइ छ । पर्यटन क्षेत्रको विकासका लागि निजी क्षेत्रको लगानी बढाउन आवश्यक रहेको उनी बताउँछन् ।

सुदूरपश्चिममा यस्ता धेरै ठाउँहरू छन्, जुन ठाउँले पर्यटकको मन लोभ्याउँछ । सुन्दर सुदूरपश्चिम प्रदेशमा हिमालका टाकुरादेखि पहाडका रमाइला फाँट, उपत्यका, भित्री मधेस र तराईका हरिया फाँटहरू, हिमशृंखलालगायत अरू धेरै ठाउँहरू छन् । नेपालकै लामो नदी कर्णाली र त्यही नदीमा निर्माण गरिएको एक खम्बे पुल सुदूरपश्चिम प्रदेशलाई अरू प्रदेशसँग तराईका अन्य जिल्लासँग जोड्ने काम मात्र गरेको छैन, धेरैको मन लोभ्याएको छ । सुन्दर कर्णाली नदीको अवलोकन गर्न र कर्णाली नदी स्वादिष्ट माछासँगै र्‍याफ्टिङ आनन्दका लागि यहाँ दैनिकजसो आन्तरिक तथा बाह्य पर्यटक आउने गर्छन् ।

कैलालीको लम्कीदेखि करिब १७ किलोमिटर उत्तरतर्फ मोहन्याल गाउँपालिका-७ मा स्थित राजकाँडामा सूर्योदयको दृश्य नजिकैबाट देख्न सकिन्छ । हावापानीका दृष्टिकोणले पनि उपयुक्त रहेको यो क्षेत्र अहिले आन्तरिक तथा बाह्य पर्यटकको रोजाइ बन्दै गइरहेको छ ।

पर्यटकका लागि अर्को आकर्षणको थलो बनेको छ टीकापुर पार्क । करिब पाँच बिघा जमिनमा फैलिएको यस पार्कमा ८० प्रकारका गुलाब फूल र विभिन्न प्रजातिका बिरुवाहरू पाइन्छन् । यो पार्क विशेषगरी पिकनिक खान आउने पर्यटकका लागि प्रमुख रोजाइमा पर्ने गरेको छ । विश्व रामसार सूचीमा सूचीकृत कैलालीको मध्यवर्ती क्षेत्रमा रहेको घोडाघोडी तालमा रमाउन जाने पर्यटकको संख्या पनि कमी छैन । हत्केला आकारको यो तालका १९ वटा उपताल छन् । करिब २४५ प्रजातिका चराचुरुंगी, गोही, पानी हाँस, जंगली धानलगायतका लागि यो क्षेत्र अत्यन्त रमणीय र आकर्षक मानिन्छ ।

कैलालीको चुरे गाउँपालिकाको खैरालास्थित गर्वा दरबार सुदूरपश्चिममै एकमात्र राणाकालीन दरबार हो । वि.सं. १९८२ सालमा निर्माण गरिएको उक्त दरबार हाल जीर्ण अवस्थामा छ । कैलालीमा रहेका सानाठूला गरी १९३ ताल तलैया पनि यहाँका प्रमुख आकर्षण हुन् । कोइलाही कोइलहुवा ताल, जोगनिया ताल, महादेवा ताल, जाखौर ताल, बेला ताल पनि आन्तरिक तथा बाह्य पर्यटकको रोजाइ बनेका छन् ।

धनगढी उपमहानगरपालिका-१६ मा रहेको भादा होमस्टेले पनि आन्तरिक पर्यटकलाई आकर्षण गरेको छ । गाउँ तथा थारू समुदायका जनजीवनलगायत विशेष खानेकुराका परिकारले पर्यटकको मन लोभ्याउने गर्छ । कैलाली जिल्लामा रहेको गोदावरीमा रहेको नेपालकै ठूलो हनुमानको मूर्ति हेर्नेहरूको घुइँचो पनि उत्तिकै लाग्छ । गोदावरीबाट २२ किलोमिटरमाथि चुरे नगरपालिकाको खाँनीडाडा प्राकृतिकरूपमा मनोरमस्थल हो । चिसो मौसममा गर्मी र गर्मी मौसममा पनि चिसो अनुभव गर्न पाइने खानीडाँडाबाट पहाडका रमणीय दृश्य देख्न सकिन्छ । यहाँ प्रायः गर्मी मौसममा गर्मी छल्न आन्तरिक पर्यटक आउने गर्छन् ।

कञ्चनपुर जिल्लामा पर्ने शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा बाह्रसिंगेका साथै अन्य जीव-जन्तुहरू देख्न सकिन्छ । जैविक विविधताले भरिपूर्ण शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा बाघ, खरायो, हात्ती, गैंडालगायत विभिन्न प्रजातिका चरासमेत हेर्न पाइन्छ । कञ्चनपुर जिल्लाको बेदकोट नगरपालिकामा रहेको शिवलिंगको स्वरूपजस्तै पहाडका डाँडा लिंगामा पनि धार्मिक पर्यटकको गन्तव्य बनेको छ । लिंगाबाट करिब छ किलोमिटर उत्तरतर्फ गयौं भने डडेलधुरा र कञ्चनपुरको सीमा छुट्याउने चुरे पहाडको तल बेतकोट तालको अवलोकन गर्न सकिन्छ ।

कञ्चनपुर जिल्लामा रहेको दोधारा-चाँदनी पुल पनि नेपालकै लामो झोलुंगे पुल हो । यसले नेपाल पारिका दुई ठाउँ दोधारा र चाँदनीलाई जोडेको छ । यहाँ बर्सेनि हजारौं स्थानीय र बाह्य पर्यटक दोधारा-चाँदनी पुलको अवलोकन गर्न आउने गरेका छन् । कञ्चनपुरमा रहेको सिद्धबाबाको मन्दिरमा पूर्णागिरिको दर्शन गरी आउने भारतीय धार्मिक पर्यटकको पनि घुइँचो लाग्छ ।

डडेलधुराका प्रसिद्ध मन्दिरमा उग्रताराको मन्दिर र घटाल बाबाको मन्दिर, भागेश्वर, जोगबुडा उपत्यकामा रहेको भगवान् पर्शुरामको मन्दिर हुन् । उग्रतारालाई सुदूरपश्चिमकै ठूलो शक्तिपीठ मानिन्छ भने घटाल स्थानमा रहेको घटाल बाबाको मन्दिरको दर्शनबाट मनोकांक्षा पूरा हुने विश्वास छ । यहाँ असोज कात्तिक, दसैं र वैशाख बिसुका बेला ठूलो मेला लाग्ने गर्छ ।

डडेलधुरामा रहेको ऐतिहासिक किल्ला हो अमरगढी किल्ला । यो किल्ला रहेको उचाइ अन्दाज छ हजार ५०० फिट अग्लो छ । ऐतिहासिक दृष्टिले यो किल्ला महत्त्वपूर्ण मानिने भएकाले यो किल्लाको अवलोकन गर्नका लागि पनि पर्यटकहरूको घुइँचो लाग्छ । डडेलधुराको अजयमेरू गाउँपालिकामा रहेको अजयमेरूकोट दरबारले पनि एउटा छुट्टै इतिहास बोकेको छ । यहाँ पुराना कला र शैलीमा निर्माण गरिएका नौला, देवलको भौतिक र प्राचीन धरोहरको अवलोकन गर्न सकिन्छ । आलीताल गाउँपालिकामा पर्ने आली ताल र पर्शुराम नगरपालिकामा पर्ने पर्शुराम धाम पनि आन्तरिक तथा बाह्य पर्यटकहरूले रुचाएका सुन्दर ठाउँहरू हुन् ।

डोटी जिल्लामा पनि घुम्न लायक ठाउँहरूमध्ये थुप्रै छन् । शैलेश्वरी, ध्रुवेश्वर, योगेश्वर, कालभैरवका मन्दिरहरू, ठूला केदार र डोटीको उत्तरतर्फ रहेका पाँचवटा गुफालाई अखंगाल गुफा पनि भनिन्छ । सेती नदीमा हुने जलयात्राले धेरै आन्तरिक र बाह्य पर्यटकको मन लोभ्याउने गर्छ । सलगढीमा अवस्थित शैलेश्वरी माताको मन्दिर यस क्षेत्रकै प्रमुख धार्मिकस्थलका रूपमा रहेको छ । सदरमुकामबाट १५० किलोमिटर दक्षिणतर्फ रहेको बड्डी केदार धाम धार्मिक पर्यटन र जडीबुटीको प्रचुर सम्भावना रहेको छ ।

बैतडीमा रहेका प्रसिद्ध भगवतीका मन्दिरमा त्रिपुरासुन्दरी, निंगलाशैनी, मेलौली र डिलाशैनी, भगवती मन्दिर, जगन्नाथ देवता, भूमेश्वर महादेवको गुफा, पाटनको ठाकुर उदयदेव मन्दिर, कृष्णमन्दिर, शिवनाथ मन्दिर पनि पर्यटकीय आकर्षणका स्थल हुन् । जिल्लाको तल्लो स्वराडअन्तर्गत पर्ने महाकाली नदी र सुर्नया नदीको मध्यमा एउटा दीपाकारजस्तै बनेको अति सुन्दर मैदानमा अवस्थित प्रसिद्ध मेलौलीको मन्दिर धेरै पर्यटकको रोजाइ बनेको छ । यहाँ बाह्रै महिना आन्तरिक र बाह्य पर्यटकको घुइँचो लाग्ने गर्छ । देहीमाडौंमा अवस्थित निंगलासैनी मन्दिरमा टाढा-टाढाबाट भक्तजन र पर्यटकहरू आउने गर्छन् । पाताल भूमेश्वरजस्ता धार्मिक पर्यटकीयस्थल पनि बैतडीमै पर्छन् ।

सुदूरपश्चिम प्रदेशका बझाङ, बाजुरा डोटी र अछाम जिल्लाको संगमस्थलमा अवस्थित रहेको खप्तड आन्तरिक र बाह्य पर्यटकको भीड लाग्ने क्षेत्र हो । खप्तडको त्रिवेणीमा रहेको त्रिवेणी मन्दिर र त्यस वरपर २२ वटा पाटन छन्, जुन अवलोकन गर्दा पर्यटकको मन प्रफुल्ल हुन्छ । समुद्री सतहबाट दुई हजार ७०० देखि तीन हजार २२७ मिटरसम्मको उचाइमा २२५ वर्गकिलोलोमिटर क्षेत्रफलमा फैलिएको खप्तड राष्ट्रिय निकुञ्ज विश्वमै अति दुर्लभ दलदले घाँसे मैदान हो ।


बाह्र बण्ड, अठार खण्डका नामले चिनिने अछाम जिल्लाको रामारोशन प्राकृतिक दृष्टिकोणले अत्यन्तै रमणीय ठाउँ हो । यहाँ १२ प्रकारका राष्ट्रिय फूल, लालीगुराँस र नेपालको राष्ट्रिय चरा डाँफे पाइन्छ भने गुफा र झरना छन् । अछामको बूढीगंगा नदीको दायाँ तटमा वैद्यनाथ मन्दिर अवस्थित छ । स्खण्ड पुराणअनुसार देवी पार्वतीको विवाह भगवान शिवसँग भएको यो प्रख्यात ठाउँ हो । वैद्यनाथ धाम चार मुख्य धार्मिकस्थल (कैलाश, मनसरोवर, खोचरनाथ, वैद्यनाथ) मध्ये एक हो ।

बाजुराको बडिमालिका सुदूरपश्चिमको प्रसिद्ध धार्मिकस्थल हो । भूस्वर्गको उपमा पाएको बडिमालिका नेपालकै उत्कृष्ट गन्तव्य मानिन्छ । नजिकै देखिने सुन्दर हिमाल, हिउँ कुल्चन पाउने सौभाग्य र मनोरम प्राकृतिक दृश्य बडिमालिकाका गहना हुन् । बूढीनन्दा, छेडेदह पनि यहाँका घुम्नलायक ठाउँ हुन् । दार्चुलाको अपि हिमाल (७,१३२ मिटर) आधार शिविरसम्म पदयात्रा रमाइलो हुन्छ । अपि र नम्पा हिमालसँगै रिंदेपानी, कायाकोर, कालीढुंगा र बबईलगायतका हिउँचुली लहरै रहेका छन् । त्यहाँ हिउँचितुवा, रेडपाण्डा, मृग, घोरल, झारल, भालु आदि पाइन्छन् भने डाँफे, मुनाललगायतका चरा पनि देख्न सकिन्छ ।

प्राचीन समयमा ऋषिमुनीहरूले कैलाशपतिको कष्टसाध्य तपस्या गरेर लोकहितका अनेक क्रियाकलापका लागि शिव-पार्वतीलाई खुसी तुल्याएको क्षेत्र हो बाजुराको तपोवन । राष्ट्रकै सातौं धामको मान्यता पाएको मालिकार्जुन शिव भगवानको बासस्थान हो भने शैल्यशिखर व्रतालुहरूका लागि तपोभूमिका रूपमा वर्णित छ । दार्चुला र बैतडीको सीमा छुट्याएर बग्ने चौलानी नदीको किनारमा अवस्थित सुन्दर नगर गोकुलेश्वरको धार्मिक तथा पर्यटकीय महत्त्व छ । नेपालको विशिष्ट पहिचान बोकेको र अन्य समुदायभन्दा फरक सौका समुदायको बसोबास रहेको व्यास उपत्यका दार्चुलाको पश्चिमोत्तर कुनामा पर्छ । दार्चुलाको अर्को अति रमणीय ठाउँ हो, घुसा खण्डेश्वरी । अपि हिमालको काखमा बसेको सुन्दर घुसार र खण्डेश्वरी पर्यटकका लागि ‘ भर्जिन’ स्थल हुन् ।

नेपालकै शिक्षामा अग्रणि भूमिका निर्वाह गर्ने बझाङ जिल्ला जयपृथ्वीबहादुर सिंह जस्ता मानवतावादी राजा, शिक्षाप्रेमी तथा पत्रकारका कारणले पनि प्रख्यात छ । बझांगी राजाको कोट (दरबार)को ऐतिहासिक महत्त्व छ । सुर्माभवानी जात्रा ११औं शताब्दीबाट सुरु भएको मानिन्छ । सुर्मासरोवर जात्राले धार्मिक पर्यटनको राम्रो सम्भावना बोके पनि यसको प्रचारप्रसार हुन नसकेको स्थानीयवासीको भनाइ छ ।

यस्ता पर्याप्त पर्यटकीय सम्भावना रहे पनि सुदूरपश्चिमका गन्तव्य पर्यटकका रोजाइमा पर्न सकेका छैनन् । पूर्वाधार विकास र प्रचारप्रसारको कमीले यहाँ पर्यटक आउन नसकेका हुन् । पर्यटकलाई आकर्षित गर्न सरकारी तथा निजी क्षेत्रले पनि प्रभावकारी कार्यक्रम ल्याएका छैनन् । प्राकृतिक क्षेत्रको अवलोकनका लागि आउने पर्यटकलाई आवतजावतका लागि यातायातको सुविधा नहुनु, सबै जिल्लामा विमानस्थल सञ्चालन नहुनु, सञ्चालन भएका स्थानमा पनि महँगो हवाइभाडा, रोयल्टी महँगो हुनु, पर्यटकलाई उद्धारको व्यवस्था नहुँदा पर्यटकको आकर्षण बढाउन सकिएको छैन । *रासस*



> पर्याप्त पर्यटकीय सम्भावना रहे पनि सुदूरपश्चिमका गन्तव्य पर्यटकका रोजाइमा पर्न सकेका छैनन् । पूर्वाधार विकास र प्रचारप्रसारको कमीले यहाँ पर्यटक आउन नसकेका हुन् । प्राकृतिक क्षेत्रको अवलोकनका लागि आउने पर्यटकलाई आवतजावतका लागि यातायातको सुविधा नहुनु, सबै जिल्लामा विमानस्थल सञ्चालन नहुनु, सञ्चालन भएका स्थानमा पनि महँगो हवाइभाडा, रोयल्टी महँगो हुनु, पर्यटकलाई उद्धारको व्यवस्था नहुँदा पर्यटकको आकर्षण बढाउन सकिएको छैन ।

**द्रष्टव्य :** यस दैनिकका लागि लेख, विचार, प्रतिक्रिया prabhabdailynews@gmail.com मा सम्प्रेषण गर्नु हुन अनुरोध छ । यो स्तम्भमा प्रकाशित सामग्री लेखकको निजी विचार हो । - सं.

# नुवाकोटको चतुरालेमा स्वास्थ्य शिविर सम्पन्न



**ककनी (प्रस)**- नुवाकोटको ककनी गाउँपालिका-७ स्थित चतुरालेमा दुईदिने स्वास्थ्य शिविर सम्पन्न भएको छ । वडा कार्यालयले चतुराले स्वास्थ्य चौकी, मद्दत नेपाल र नेप अस एसोसिएसन एण्ड नेप अस डेण्टल काठमाडौंको प्राविधिक सहयोगमा सोमबार र मंगलबार शिविर सञ्चालन गरेको हो ।

चतुराले स्वास्थ्य चौकीमा भएको शिविरमा ४५० जनाभन्दा बढीले सेवा लिएको वडाध्यक्ष रामकृष्ण तामाङले जानकारी दिए । 'जनरल र डेण्टल सेवा साढे ४०० भन्दा बढीले लिनुभयो । यस्तो हेल्थ क्याम्पमा रोग पहिचान भएमा हामी फलोअप पनि गर्छौं,' उनले भने ।

फिजिसियनतर्फ डा. टासी शेर्पा र डेण्टलतर्फ म्हेन्दो तामाङको नेतृत्वमा शिविर सञ्चालन भएको थियो । स्वास्थ्य संस्थासम्म पहुँच नभएकाहरूका लागि चेतना फैलाउन हरेक वर्ष यस्तो शिविर सञ्चालन गर्दै आएको वडाध्यक्ष तामाङले बताए । स्वास्थ्य चौकी क्षेत्रमा निम्स, तेजपत्ता, कपुर र धुपीजस्ता १०० वटा बिरुवा रोपेर शिविरको समापन गरिएको उनले जानकारी दिए ।

# बर्दिबासमा डेंगुको जोखिम

**महोत्तरी–** महोत्तरीको सुदूर उत्तरवर्ती बर्दिबास नगर क्षेत्र डेंगुको जोखिममा देखिएको छ । हालसम्म बर्दिबास अस्पतालमा डेंगु संक्रमित १७ बिरामी पुगेका छन् ।

यही भदौ महिनामा अस्पतालमा उपचारार्थ पुगेका बिरामीको जाँच गर्दा बर्दिबासका १३, जिल्लाकै छिमेकी नगरपालिका औरही र धनुषाको मिथिला नगरपालिका क्षेत्रका एक-एक गरी १५ जनामा डेंगु संक्रमण पुष्टि भएको अस्पतालका मेडिकल सुपरिटेण्डेन्ट डा कृष्णा महर्जनले जानकारी दिए । यो संख्या भदौ महिनाभरिको हालसम्मको हो । यसबाहेक गत साउनमा बर्दिबासकै दुई जनामा डेंगु संक्रमण पुष्टि भएको डा महर्जनको भनाइ छ ।

बर्दिबास नगर क्षेत्रमा वडा नं १, २, ३ र ८ का उपचार लिन अस्पताल पुगेका बिरामीमा डेंगु पुष्टि भएको हो । अस्पतालको जाँचबाट डेंगु पुष्टि भएमध्ये तीन जनाको अवस्था गम्भीर पाइएपछि थप उपचारका लागि काठमाडौं पठाइएको बर्दिबास अस्पतालले जनाएको छ । बर्दिबास नगर क्षेत्र पछिल्ला पाँच वर्षयता डेंगुको उच्च जोखिममा रहँदै आएको छ । पछिल्ला चार वर्ष फाटफुटमात्र डेंगु संक्रमित भेटिए पनि २०७४ मा भने यसले यहाँ आतंक नै मच्चाएको थियो । विसं २०७४ को साउनदेखि असोजमध्येसम्म बर्दिबास नगर क्षेत्रमा नै आठ सय ४७ जनामा संक्रमण पुष्टि भएको जनस्वास्थ्य शाखाले जनाएको छ । यसयताका वर्षमा केही-केही संक्रमण पुष्टि हुँदै आएको बर्दिबासमा यसपालि भने केही दिनभित्रै संक्रमितको संख्या १७ पुगेका शाखाका प्रमुख सुरेश पासवान बताए ।

पछिल्लोपटक नगर क्षेत्रमा डेङगु संक्रमण बढ्दै गएपछि बर्दिबास नगरपालिका नेतृत्वले यसविरुद्ध सरसफाइ अभियान जारी राखेको छ । नगरका सबै वडामा वडाध्यक्षका संयोजकत्वमा डेंगु सार्ने 'आडेस' लामखुट्टेका बासस्थान सरसफाइ गर्ने, लामखुट्टेका लार्भा नष्ट गर्ने र किटनाशक औषधि छर्ने अभियान नै थालिएको नगरप्रमुख प्रल्हादकुमार क्षेत्री बताए । डेंगु संक्रमणको अवस्थाप्रति सबै सचेत भई यसविरुद्धका अभियानमा सरिक हुन पनि नगरवासीसँग अपिल छ । *रासस*

## चिनियाँ नेता ली...

पृष्ठ १ बाट जारी

प्रतिपक्षी दल एमालेका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री ओली र अध्यक्ष लीबीच भेटवार्ता भएको थियो । संसद् भवन नयाँ बानेश्वरमा उनीहरूबीच भएको शिष्टाचार भेटवार्तामा द्विपक्षीय आपसी हितका विविध विषयमा छलफल भएको जनाइएको छ । भेटमा एमालेका तर्फबाट अध्यक्ष ओलीसँगै नेताहरू अष्टलक्ष्मी शाक्य, सुवास नेम्वाङ, डा.राजन भट्टराई, अञ्जान शाक्यलगायत सहभागी थिए ।

त्यस्तै नेकपा माओवादी केन्द्रका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री दाहाल र अध्यक्ष लीबीच प्रतिनिधिमण्डलस्तरीय भेटवार्ता भएको थियो । भेटवार्तामा द्विपक्षीय हित र आपसी चासोका विविध विषयमा छलफल भएको थियो । भेटमा माओवादी केन्द्रका तर्फबाट अध्यक्ष दाहालसँगै वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठ, उपाध्यक्ष कृष्णबहादुर महरा, महासचिव देवप्रसाद गुरुङ, उपमहासचिवद्वय पम्फा भुसाल र शक्तिबहादुर बस्नेत, नेताहरू राम कार्की र रमेश मल्ल सहभागी थिए ।

मंगलबार दिउँसो परराष्ट्रमन्त्री डा. खड्काले अध्यक्ष लीसँग शिष्टाचार भेटवार्ता गरेका थिए । भेटवार्तामा दुई पक्षबीच नेपाल-चीन सम्बन्धका विभिन्न पक्षमा विचार आदानप्रदान भएको मन्त्रालयले जनाएको छ ।

सभामुख सापकोटाको मैत्रीपूर्ण निमन्त्रणामा अध्यक्ष ली सोमबार विशेष विमानबाट काठमाडौं आइपुगेका हुन् । सोही दिन सभामुख सापकोटा र अध्यक्ष लीले संसद् भवन नयाँ बानेश्वरमा प्रतिनिधिमण्डलस्तरीय द्विपक्षीय वार्ता गरी सहयोगसम्बन्धी छ बुँदे सम्झौतापत्रमा हस्ताक्षर गरेका थिए । अध्यक्ष लीले आज (बुधबार) अपराह्न राष्ट्रपति विद्यादेवी भण्डारीसँग शिष्टाचार भेटवार्ता गर्ने छन् ।

चिनियाँ प्रतिनिधिमण्डलले भ्रमणका क्रममा आज बिहान भक्तपुरस्थित दरबार क्षेत्रमा भूकम्पपछि पुनर्निर्माण भएका संरचनाको अवलोकन भ्रमण गर्ने कार्यक्रम छ । अध्यक्ष लीको नेतृत्वमा छ जना चिनियाँ उच्च अधिकारी, सुरक्षाकर्मी, सञ्चारकर्मी र अन्य स्टाफसहित ६७ सदस्यीय प्रतिनिधिमण्डल रहेको परराष्ट्र मन्त्रालयले जनाएको छ ।


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : REMAS INTERNATIONAL TRANSPORT EST

पूर्व स्वीकृति मिति: २०७९/०४/११ | पुन विज्ञापन स्वीकृति मिति: २०७९/०५/२८ | LT. No.267955 | चलानी नं. ६०१८४२१६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 3 | 0 | 1800 | ६०,९५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ असोज ५ गते (21st Sep. 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैँले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/– कामदार आफैँले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैँले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Muskan Overseas Pvt. Ltd.**

Govt. License 1342/074/75

Samakhushi -26, Kathmandu, Nepal, Tel: + 977-1-4359026, 4363094

Email: muskanoverseas786@gmail.com,Web: www.muskanoverseas.com.np

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SAUD ABDULLAH AL-TWIM ADVERTISING AGENCY

पूर्व स्वीकृति मिति २०७९/०५/२८ | LT. No. 271874 | चलानी नं. ६०१८७६१२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facility Cleaning Worker | 1 | 0 | 1000 | ३३,८६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ असोज ५ गते (21st Sep. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ३३६/०५९/०६०

**AL-HAYAT MANAGEMENT SYSTEM PVT. LTD.** (Kumari Overseas Services Pvt. Ltd.)

Sinamangal - 9, Ktm, Nepal, Tel : +977 1 4112588 , 4111286, 4111287 Fax : +977 1 4112590

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : TRI CONSTRUCT W.L.L

पूर्व स्वीकृति मिति २०७७/१०/१४ | पुन विज्ञापन स्वीकृति मिति: २०७९/०५/२८ | LT. No. 235838 | चलानी नं. ६०१५४२७९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Mason | 12 | 0 | 1100 | ३८,४५० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Labor | 8 | 0 | 1000 | ३४,९५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ असोज ५ गते (21st Sep. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Lucky Human Resource Pvt.Ltd.**

श्रम ईजाजत नं. १३०२/०७४/०७५

G. P. O. Box : 815, Mitrapark, Chabahil-7 Kathmandu, Nepal Tel : +977-1-4489401, 4489501

E-mail: luckyhumanhr@gmail. Website : www.luckyhumanresource.com.np

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : TAJIA FOOD SDN.BHD.

पूर्व स्वीकृति मिति २०७९/०५/२७ | LT. No. 271667 | चलानी नं. ६०१८७५४६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 10 | 0 | 1500 | ४२,३५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ असोज ५ गते (21st Sep. 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैँले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/– कामदार आफैँले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैँले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Simrik Overseas Pvt. Ltd.**

श्रम ईजाजत नं. २२३/०५८/०५९

Sinamangal-9, K.T.M Nepal, Tel: +977- 01-4475336, 01-4475337, 985-1227788, 985-1052482

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : PROFESSIONAL SECURITY SERVICES CO

पूर्व स्वीकृति मिति २०७९/०५/२८ | LT. No. 271884 | चलानी नं. ६०१८७६०४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 5 | 0 | 1700 | ५९,४२० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Security Guard | 42 | 5 | 1500 | ५२,४३० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ असोज ५ गते (21st Sep. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**त्रिकोण म्यानेजमेन्ट सर्भिसेज प्रा.लि.**

श्रम ईजाजत नं. ५०३/०६१/०६२

पो.ब.नं. १९४६४, काठमाडौं, नेपाल, फोनः ५४५६०२०/५४५६०१९

सम्पर्क नं :९८०११०५५७७,९८०१२५०५५५

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : THAI MENS HEALTH INSTITUTE

पूर्व स्वीकृति मिति : २०७९/०५/०९ | पुन विज्ञापन स्वीकृति मिति: २०७९/०५/२८ | LT. No. 270352 | चलानी नं.६०१८६१०१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KWD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Male Cleaner (Indoor) | 10 | 0 | 85 | ३४,९२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ असोज ५ गते (21st Sep. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Fishtail Overseas Pvt. Ltd.**

श्रम ईजाजत नं. १२८६/०७४/०७५

Tokha, Samakhusi-29, Kathmandu, Nepal Tel : +977-1-4386382, 4389757, Mob: 9803003599

Email:fishtailoverseas508@gmail.com, Web: www.fishtailjobs.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : LINCON MANUFACTURING SDN BHD

पूर्व स्वीकृति मिति:२०७९/०५/२७ | LT. No. 271610 | चलानी नं. ६०१८७५०६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 50 | 0 | 1500 | ४२,३५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ असोज ४ गते (20th Sep. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

यो विज्ञापन LT No. 271610 मितिः २०७९/०५/२८ मा प्रकाशित हुनुपर्नेमा भूलबस छुट्न गएकोले आज प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ ।

**Al Haya Recruitment Pvt. Ltd.**

श्रम ईजाजत नं. १०९३/०७३/०७४

Dumbarahi, Kathmandu, Nepal Phone No. +977-1-4008610

E-mail : alhaya.recruitment@gmail.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी :AL-SHALAWI INTERNATIONAL TRADING AND CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति : २०७९/०५/२७ | LT. No.271823 | चलानी नं.६०१८७५२७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 20 | 0 | 1900 | ६४,३३५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Road Construction Labor | 20 | 0 | 1000 | ३३,८६० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ असोज ७ गते (23rd Sep. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

यो विज्ञापन LT No. 271823 मितिः २०७९/०५/२८ मा प्रकाशित हुनुपर्नेमा भूलबस छुट्न गएकोले आज प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ ।

**Cosmo International Overseas Pvt. Ltd.** (Overseas Employment Consultants)

Govt. License 280/058/059

P.O. Box No.: 9140 Minbhawan, Kathmandu, Nepal

Tel : +977-1-4115190, 4115191 Fax : +977-1-4115189

E-mail : cosmointlpvt@gmail.com, kcshym_2008@yahoo.com Web : www. cosmointernational.com.pn

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : TOWERS CONSTRUCTION COMPANY FOR INDUSTRY

पूर्व स्वीकृति मिति : २०७९/०५/२५ | LT. No.270418 | चलानी नं. ६०१८७५८७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Labor | 5 | 0 | 1000 | ३३,८६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क/-

कम्पनी : TAHALF COMPANY LIMITED

पूर्व स्वीकृति मिति : २०७९/०५/१५ | पुन विज्ञापन स्वीकृति मिति: २०७९/०५/२८ | LT. No.270488 | चलानी नं. ६०१८७५८८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Counter Worker Food and Drinks | 1 | 0 | 1000 | ३३,८६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ असोज ५ गते (21st Sep. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Ishan Overseas Pvt. Ltd.**

श्रम ईजाजत नं. ५३२/२०६१/०६२

Samakhusi , Kathmandu, Nepal, Tel: 01-4380272 / 4380273 Fax : +977-1-5547945, E-mail : maniishannepal@gmail.com

## साउदी अरेबियामा रोजगारको अवसर

कम्पनी: AL-MAKBOUS RESTAURANT & CATERING FOR FOOD SERVICES COMPANY

पूर्व स्वीकृति मिति २०७८/१२/०२ | पुन विज्ञापन स्वीकृति मिति: २०७९/०५/२८ | LT. No.256478 | चलानी नं. ६०१७६०९९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Restaurant Worker | 1 | 0 | 1000 | ३३,८६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क/-

कम्पनी: AL TEBYAN FOAM FACTORY

पूर्व स्वीकृति मिति २०७९/०५/२८ | LT. No.271898 | चलानी नं. ६०१८७६१३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Rubber Production Collecting Labor | 5 | 0 | 1000 | ३३,८६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ असोज ५ गते (21st Sep. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Nasser Outsourcing Consultants Pvt. Ltd.**

Ratopool-9, Kathmandu, nepal, Tel: +977-1-4465090 (6 Line), Fax: +977-1-4411950,

# प्रभाव दैनिक

बुधबार, २९ भदौ २०७९ (Wednesday, September 14, 2022)


## रूपशाला

### प्रेमगीत-३ को हिन्दी भर्सन पनि ७ असोजमा

७ असोजदेखि सार्वजनिक प्रदर्शनमा आउने फिल्म हो 'प्रेमगीत ३' । फिल्म पहिले नेपाली र त्यसको एकसातापछि हिन्दीमा रिलिज हुने बताइएको थियो । तर अव भने दुबै भर्सन एकैदिन रिलिज हुने भएको छ । फिल्मका वितरक गोविन्द शाहीले फिल्मको नेपाली र हिन्दी दुबै भर्सन एकै दिनमा रिलिज हुने जानकारी दिएका छन् । 'दर्शकको मागलाई ध्यानमा राखेर फिल्म 'प्रेम गीत ३' को हिन्दी र नेपाली एकै दिन रिलिज गर्ने निर्णय गरेका छौँ,' उनले सामाजिक संजालमा लेखेका छन् ।



# सौन्दर्य प्रतियोगिताको बाढी ल्याउने शेर्पा



